मितिः २०७८/१२/१०, कार्यपालिका बैठक सं १२ ०७८/७९

## कार्यपालिका बैठकका निर्णयहरु

**१.भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्वन्धमा**

- भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्वन्धी कार्यविधी, २०७८ अनुसार राष्ट्रिय भूमि आयोग र यस गाँउपालिका बिच भएको कार्यसहमति बमोजिम लगत संकलन कार्यलाई प्रभावकारी तथा समन्वयात्मक तवरले सम्पन्न गर्ने प्रयोजनार्थ कार्यविधीको दफा १ बमोजिम देहाय अनुसारको **स्थानीय तह स्तरीय भूमिहीन तथा अव्यवस्थित वसोवासी व्यवस्थापन सहजीकरण समिति** गठन गर्ने ।

| | |
|---|---|
| क) ओमसतिया गाँउपालिकाको अध्यक्ष | - संयोजक |
| ख) ओमसतिया गाँउपालिकाको उपाध्यक्ष | - उप-संयोजक |
| ग) ओमसतिया गा.पा मा क्रियाशील राष्ट्रिय मान्यता प्रास राजनीतिक दलले खटाएको प्रतिनिधी एक/एक जना गरी जम्मा ६ जना | - सदस्य |
| घ) कार्यापालिका सदस्य श्री शिला पासी | - सदस्य |
| ङ) कार्यपालिका सदस्य श्री चुमकला वस्याल | - सदस्य |
| च) कार्यविधिको दफा ४(ङ) बमोजिम सहजीकरण समितिले मनोनयन गरेका जम्मा ३ जना | - सदस्य |
| छ) ओमसतिया गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

- स्थलगत रुपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्नको लागी कार्यविधीको दफा ४(२) बमोजिम प्रत्येक वडाले वडा समितिको निर्णयवाट वडास्तरीय सहजीकरण समिति गठन गर्ने ।
- आयोगबाट प्रकाशित सूचना अनुसार प्रत्येक वडाले सहजीकरण समिति तथा जिल्ला समितिसँग समेत समन्वय गरी आयोगले तोकेवमोजिमको ढाँचामा आफ्नो क्षेत्रभित्रका विवरण संकलन गर्ने/गराउने ।
- गाँउपालिकाको कार्यालयमा सो सम्वन्धी कार्यको एकिकृत रुपमा तथ्याङ्क संकलन तथा वडागत समन्वय गर्नको लागि सेवा केन्द्रको प्रमुख एवम Focal Person को रुपमा रोजगार उपर्युक्त कर्मचारीलाई जिम्मेवारी प्र.प्र.अ ले तोक्ने ।नापनक्सा एवम रिपोर्टिङको लागि अन्य जनशक्ति आवश्यक परेमा प्र.प्र.अ ले सोको व्यवस्थापन गर्ने ।

**२. सामुदायिक विद्यालयतर्फ अङ्ग्रेजी माध्यमको पाठ्यपुस्तक सम्वन्धमाः**

यस गाँउपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०७५ देखि लागू हुनेगरी क्रमशः अङ्ग्रेजी माध्यममा समेत पठनपाठन हुदै आईरहेको र सोको लागि हालसम्म निजी

२०७८/१२/१०

प्रकाशनबाट प्रकाशित पाठ्यपुस्तकहरुको लागि समेत गाँउपालिकाको तर्फबाट वजेट व्यवस्थापन हुदै आईरहेकोमा नेपाल सरकारको शशर्त अनुदान मार्फत पाठ्यपुस्तकको लागि प्राप्त हुने वजेट शिलिङ तथा म.ले.प प्रतिवेदनले औल्याएको सुझावलाई समेत मध्यनजर गर्दै आगामी शैक्षिक सत्र २०७९ देखि अङ्ग्रेजी माध्यममा पठनपाठन हुनेसम्पूर्ण सामुदायिक विद्यालयहरुमा जनक शिक्षा सामग्री द्धारा प्रकाशित हुने translated version का पुस्तकहरु लागु हुने गरी शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत आवश्यक व्यवस्था मिलाउने ।

**३. सामुदायिक स्वास्थ्य ईकाई ठुटिपिपलको स्तरोन्नती सम्वन्धमाः**

यस गाँउपालिकाको वडा नं १, ठुटिपिपलमा अवस्थित सामुदायिक स्वास्थ्य ईकाईको कार्यक्षेत्र गाँउपालिकाको प्रमुख शहरी ईलाका पर्ने हुदा विरामीहरुको चाप अत्याधिक रहेको एवम उक्त संस्था मार्फत न्यून तथा मध्यम वर्गीय अधिकांश स्थानीयहरुलाई स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने अवस्था रहेकोले आम सर्वसाधारणको लागि गुणस्तरीय रुपमा आधारभुत स्वास्थ्य सेवा सुनिश्चिततताको लागिउक्त स्वास्थ्य ईकाईलाई **आधारभुत स्वास्थ्य सेवा केन्द्रको** रुपमा स्तरोन्नती गर्नको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष अनुरोध गर्ने ।

**४. कार्यविधी एवम निर्देशिका सम्वन्धमा**

गाँउपालिकाको कार्यालयबाट तयार भई पेश भएका विभिन्न क्षेत्रसँग सम्वन्धित देहाय अनुसारका कार्यविधी, नीति तथा निर्देशिकाहरु कार्यपालिका वैठकमा पेश भएकोमा थप छलफलका लागि अर्को बैठकमा पेश गर्ने ।

- ओमसतिया गाँउपालका अन्तर्गत स्वास्थ्य क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण निर्देशिका २०७८
- ओमसतिया गाँउपालिकाको स्वास्थ्य नीति, २०७८

**५. आर्थिक सहायता सम्वन्धमा**

यस गाँउपालका मार्फत विभिन्न शिर्षकहरुमा प्रदान गरिदै आएको आर्थिक सहायतालाई व्यवस्थित गर्नको लागि आर्थिक सहायता परिचालन मापदण्डको मस्यौदा तयारीको कार्यलाई अगाडी वढाउने ।आगामी आ.ब देखि छुट्टै कोषको व्यवस्था गरी मापदण्ड अनुसार आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था मिलाउने ।उक्त मापदण्ड स्वीकृत नभएसम्मको लागि कार्यपालिकाको निर्णय बमोजिम गर्ने।ओमसतिया ५ निवासी मुनलाल धोवीको छोरा राजकुमार धोवीको स्वास्थ्य उपचार प्रयोजनार्थ रु २५००० आर्थिक सहायता प्रदान गर्ने ।आजको मितिभन्दा अगाडी प्रदान उपलब्ध भएका आर्थिक सहायताहरुलाई अनुमोदन तथा समर्थन गर्ने ।

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

६. **कृषि पकेट क्षेत्र स्वीकृती सम्वन्धमा**

यस गाँउपालिकाको लागि संघीय सरकार, प्रधान कृषि आधुनीकरण परियोजना मार्फत आ.ब. २०७८/७९ मा धान पकेट क्षेत्र स्थापनाको लागि बिनियोजित वजेट तथा कार्यक्रमको कार्यान्वयनको लागि गाँउपालिकावाट प्रकाशित सूचना वमोजिम ओमसतिया -६, वेतवलिया स्थित सरस्वती महिला कृषक समूह र ऐ ऐ कुसमहवा स्थित श्री कुस्महवा टोल कृषक समूहको गरी जम्मा २ वटा आवेदन परेकोमाकार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधीमा उल्लेख भए वमोजिमको प्राविधिक समितिवाट प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, कार्यान्वयन ईकाई कार्यालय भैरहवा समेतको स्थलगत अनुगमन गराई उक्त समितिवाट प्राप्त प्रतिवेदन र सिफारिस वमोजिम कृषक समूह छनौट गरी कार्यक्रमको स्वीकृती गर्नको लागि गाँउपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने ।

७. **स्थानीय सडकहरुको राईट अफ वेनिर्धारण सम्वन्धमा**

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११ बमोजिम राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन लगायतका कार्यहरु स्थानीय तहको अधिकारक्षेत्र भित्र रहे बमोजिम यस गाँउपालिकामा नक्सा पास गरेर मात्र भवन निर्माणको अनुमति दिने कार्य प्रारम्भ भएको हालको अवस्थामा स्थानीय सडकहरुको वारेमा निश्चित मापदण्ड नहुँदा नक्सा पास गरी भवन निर्माणको लागि अनुमति दिन कठिनाई परेकोले प्रत्येक वडाले स्थानीय बाटाहरुको अवस्था र भावी सम्भाव्यता समेत ख्याल गरी वडा समितिवाट बाटाको Right of way सम्वन्धमा निर्णय गराई स्वीकृतिको लागि १ महिनाभित्र प्रस्तावको रुपमा कार्यपालिका वैठकमा पेश गर्ने ।

८. **विविध**

क) आ.ब. २०७८/७९ को देहायको शिर्षकमा उल्लेखित कार्यक्रमहरुलाई योजनाको स्थान र क्षेत्र परिवर्तन नहुने गरी देहाय अनुसार कार्यान्वयन गर्नको लागि स्वीकृति प्रदान गर्ने ।

- सं नं ३११५१, सडक तथा पुल निर्माण अन्तर्गत सि. नं ९.८ - "ठूटिपिपल चोकदेखि गाँउपालिका जाने बाटोलाई ३० फुट चौडाई कायम गरी नाली सहित सडक स्तरोन्नती"
- सं. नं. ३११५१, सडक तथा पुल निर्माण अन्तर्गत यो.न. ९.१०६- " बर्दिहवा सानोटोल जाने वाटो पि.सि.सि. ढलान वडा नं २"

ख) आसन्न स्थानीय निर्वाचन, निर्वाचन आचारसंहिता, नजिकिदै गरेको बर्षादको समय एवम आगामी आ.ब. को नीति कार्यक्रम तथा वजेटको पूर्वतयारी लगायतका कार्यहरुलाई मध्यनजर गर्दै चालु आ.ब. क्रा योजना तथा बार्षिक कार्यक्रमहरुलाई तोकिएको समयभित्रै गुणस्तरीय तवरले सम्पादन गर्नको लागि समय अभाव हुने भएकोले चालु आ.ब. मा सम्पादन गर्ने गरी तोकिएका अनुदान वाहेकका अन्य योजनासँग सम्वन्धित कार्यक्रमहरु २०७८ चैत्र २५गतेभित्र सम्झौता गरिसक्ने गरी गाँउपालिकाको कार्यालय एवम वडा कार्यालयहरुले कार्य अगाडी वढाउनको लागि निर्देश गर्ने।

०७८/१२/१०

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७८/१२/१०, कार्यपालिका वैठक सं १२ ०७८/७९

ग) यस गाँउपालिका अन्तर्गत जनप्रतिनिधीको पहिलो कार्यकालभर कार्यपालिका एवम गाँउसभाबाट भएका सम्पूर्ण निर्णयहरु तथा निर्मित ऐन, कानून तथा कार्यविधीहरुलाई कार्यालयको वेभसाईटमा अद्यावधिक गराउने तथा आगामी वैठकहरुलाई प्रविधीमैत्री रुपमा संचालित गरीहालसम्म भए गरेका निर्णयहरुलाई समेत व्यवस्थित अभिलेखिकरण तथा सुरक्षित गराउनको लागि वैठक व्यवस्थापन प्रणाली सफ्टवेयर जडान गरी प्रविष्ट गर्नको लागि प्र.प्र.अ. लाई जिम्मेवारी दिने ।

घ) जनप्रतिनिधीहरुको पहिलो कार्यकालमा भएका यस गाँउपालिकाको हालसम्मको विकास निर्माणको अवस्था, ५ वर्षे कार्यकालमा भएका उपलब्धीहरु, गाँउपालिकाको हालको आर्थिक सामाजिक लगायत वस्तुगत अवस्था, दिगो विकासका लक्ष प्राप्तिको अवस्था र सम्भावना तथा नेपाल सरकारवाट तोकिएको दिगो विकासको स्थानीयकरण सम्वन्धी सूचकहरुको हालको अवस्था र यस गाँउपालिका भित्र उक्त सूचकहरुलाई पुरा गर्नको लागि मार्गदर्शन र स्पष्ट रणनीतिक योजना सहितको दिगो विकासको स्थानीयकरण सम्वन्धी Document निर्माणको प्रकृयालाई सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को परिधिभित्र सही परामर्श सेवा मार्फत तत्काल कार्य प्रारम्भ गर्न स्वीकृती दिने ।

ङ) यस गाँउपालिका अन्तर्गत आ.व. २०७८/७९ को लागि शि. नं. २२५२२ मा गा. पा स्तरीय शैक्षिक योजना निर्माणको लागि विनियोजित रु २ लाख वजेट तथा शिक्षा विकास तथा समन्वय ईकाई रुपन्देहीको प्राविधीक सहयोग तथा केयर नेपालको आर्थिक एवम प्राविधिक सहयोगमा शिक्षा शाखाबाट तयार भएको १० बर्षे शैक्षिक योजना का. पा वैठकमा पेश भएकोमा सो उपर सरोकारवाला सँग बिस्तृत छलफल गरि/गराई छलफलमा उठेका विषयवस्तु सहित शिक्षा, युवा तथा खेलकुद शाखामार्फत आगामी वैठकमा स्वीकृतिको लागि पेश गर्ने ।

२०७८/१२/१०

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

ओमसतिया गाउँपालिका